कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# मन्दाकिनी हाइड्रोपावर लिमिटेड
# Mandakini Hydropower Limited

रजिष्ट्रार कार्यालय : सिनामंगल-०९, काठमाडौं ।
फोन नं. : ०१-४५६१५७४,०१-६९१५८३९
इमेल: mandakini.hydropower@gmail.com वेभसाईटः http://www.mandakinihydro.com.np

## आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना

मन्दाकिनी हाइड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु. ५८,८,०,३६,९००/- (अक्षरेपी अन्ठाउन्न करोड असी लाख छत्तीस हजार नौ सय मात्र) मध्ये १०% अर्थात् रु. ५,८८,०३,७००/- (अक्षरेपी पाँच करोड अठासी लाख तीन हजार सात सय मात्र) रकम बराबरको रु. १००/– अंकित दरका ५,८८,०३७ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात् कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वार्ड नं २, ३ ,४ र ६ (साविक सार्दिखोला गा.वि.स, घाचोक गा.वि.स, लाहाचोक गा.वि.स र धिताल गा.वि.स) का बासिन्दाहरुको लागि आज मिति २०७९ आषाढ ०१ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा **आज मिति २०७९ आषाढ २२ गते (बैकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु, ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारिक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०७९ आषाढ २२ गते (बैकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सम्पूर्ण संकलन केन्द्रहरु, ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकायहरु तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं।

| | |
|---|---|
| **दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या : १० कित्ता** | **दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००,००० कित्ता** |

**कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरणः**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७५/०७६ | आ.व. ०७६/०७७ | आ.व. ०७७/७८ | आ.व. ०७८/०७९ | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ |
| प्रति शेयर नेटवर्थ (रु.) | ८८ | ९८ | १०२ | १०९ | ११३ | ११७ |
| प्रति शेयर आम्दानी (रु.) | (०.६३) | ३.६३ | ३.६८ | ७.९१ | ३.५७ | ४.५६ |
| संचित नाफा/नोक्सान (रु.) | (२,०६,७६,३४५.०२) | (६६,८७,४७४.७७) | ८४,४२,७२२.६४ | ५,४९,७१,३८३.२० | ७,५९,७२,०३४.०८ | १०,२७,६१,७६३.७५ |

### प्रति मेगावाट लागत सम्बन्धी विवरणः

**संगठित संस्थाको आ.व. २०७७/७८ को आषाढ मसान्त सम्मको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत लगभग रु.२० करोड ७७ लाख ५३ हजार अठसठ्ठी मात्र रहेको छ । सार्दिखोला जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ४ मेगावाट रहेको र उक्त आयोजनाको आ.व. २०७७/७८ को आषाढ मसान्त सम्मको वित्तीय विवरण अनुसार कुल लागत रु. ८३,१०,१२,२७४.२४ रहेको छ ।**

### विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरणः

**अनुमतिपत्र बहाल रहने अवधि मिति २१०५/०३/१२ सम्म रहेकोले २६ वर्ष ०१ महिना बाँकी रहेको छ ।**

### लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी व्यवस्थाः

**साधारणमा लगानी फिर्ता हुने अवधि (Pay Back Period) ९.२४ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १३.३५ वर्ष रहेको छ ।**

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ नेपाल काठमाडौंले मिति २०७८/०६/१८ गते "CARE-NP BB+(Is)" रेटिङ्ग प्रदान गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) जनाउँदछ। केयर रेटिङ्गनेपाल लि.ले CARE-NP AAA (IS) (देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ। जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ। CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ। दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ। सो रेटिङ्गको वैधता अवधि एक बर्ष अर्थात २०७९/०६/१७ गते सम्म रहनेछ।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

**नोटः स्थानिय बासिन्दाहरुको लागि बिक्री वितरण गरिएको शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**बि.ओ.के. क्यापिटल मार्केट लि.**
**B.O.K Capital Market Ltd.**
A subsidiary of Bank of Kathmandu Limited

नारायणचौर, नक्साल, काठमाडौं, नेपाल।
फोन नं.: ०१-४५१३४९६, ४५१३०९६
Email: info@bokcapital.com.np
Website: www.bokcapital.com.np